ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

असोज ०९, २०८० | ग्रामीण विकास लघुवित्त समाचार | सेप्टेम्बर २६, २०२३

# ग्रामीण विकास लघुवित्तको डिसिईओमा दिपक प्रसाद पाण्डे नियुक्त

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको खुला प्रतिस्पर्धाबाट नायव प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) पदमा दिपक प्रसाद पाण्डे नियुक्त हुनु भएको छ। संस्थाको सञ्चालक समितिको मिति २०८०



असोज ३ गते बुधवार बसेको बैठकले पाण्डेलाई आगामी चार वर्षको कार्यकालका लागि उक्त पदमा नियुक्त गर्ने निर्णय गरेको हो।

नव नियुक्त नायव प्रमुख कार्यकारी अधिकृत पाण्डेलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले २०८० असोज ९ गते मंगलबार पद तथा गोपनियताको सपथ गराउनु भयो। सो अवसरमा सम्पूर्ण विभागिय प्रमुखहरु र संस्थामा क्रियाशील तीनवटै युनियनका अध्यक्ष तथा प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थापनाकाल देखि नै विभिन्न विभागको विभागीय प्रमुख, कम्पनी सचिव र प्रदेश प्रमुखको पदमा रही नेतृत्वदायी भूमिका निर्वाह गर्दै आउनु भएका पाण्डे लघुवित्त क्षेत्रमा एक अनुभवी बैंकरका रुपमा परिचित हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर गरेका पाण्डेको लघुवित्त संस्थाको



उच्च व्यवस्थापनमा करिव २७ वर्ष लामो अनुभव रहेको छ । सञ्चालक समितिले पाण्डेलाई नायव प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेसँगै संस्थाले थप नयाँ उचाई लिने विश्वास व्यक्त गरिएको छ ।